नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
जिल्ला विकास समितिको कार्यालय
रसुवा

## राजस्व असुलीको बोलपत्र सम्बन्धि कार्य क्षेत्रगत शर्त एंव कार्य विवरण

यस कार्यालयको मिति २०७३ ०८ २० गतेको निर्णय अनुसार सम्पूण सरोकारवालाहरु को जानकारीको लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यसको अधिनमा रही बोल पत्र फाराम पेश गर्नु हुन अनुरोध गरिन्छ ।

स्थानीय स्वायत्त शासन ऐन,२०५५स्थानीय स्वायत्त शासन नियमावली,२०५६ र स्थिानीय स्वायत्त शासन नियमावली,२०६४ को अधिनमा रही यस कार्यालयको मिति २०७३ साल मंसिर २० गतेको निर्णय अनुसार देहाय अनुसारको क्षेत्र बस्तु तथा विवरणहरुमा देहाय अनुसार कर असुली गर्ने प्रयोजनको लागि देहाय अनुसारको कार्य अपनाईने छ । यसमा नपरेका विषयहरु प्रचलित ऐन नियम र यस कार्यालयबाट भएको आदेश तथा निर्णय अनुसार हुने छ ।

जिल्ला विकास समितिले तोकेको स्थानमा पार्किङ्ग गरेबापत देहायमा नबढ्ने गरी कर(सेवा शुल्क) लिन पाईने छ ।

१) यो ठेक्का २०७४ असाढ मसान्त सम्मको लागि हुनेछ । आर्थिक वर्ष समाप्त भएपछि अर्को ठेक्का व्यवस्थापन नभए सम्म वा बढिमा १आर्थिक वर्ष सम्म नविकरण गर्न सकिनेछ ।

२) वार्षिक रु. ५,७१,२२५ - (पाच लाख एकहत्तर हजार दुईसय पाच्चिस) भएकोमा यस वर्ष ठेक्का शुरु हुदा २०७३ साल पुष २० गते पछि मात्र ठेक्का लगाउन सकिने भएकोले वार्षिक ठेक्का अंकबाट बाँकी अवधिलाई मानि ठेक्का सम्झौता गरिएका बखत बाँकी दिनको लागि मात्र ठेक्का लगाउने गरी हाल यो ठेक अंक रु.२,९७,३५० -(दुई लाख सन्तानब्बे हजार तीनसय पचास)न्यूनतमबाट शुरु हुने गरि कायम गरिएको छ ।पछि बाँकी अवधि घटेमा सोही अनुसार सम्झौता गर्दा ठेक्का अंक कायम गरि सम्झौता गरिने छ ।

३) रकम असुली कार्य ठेक्का स्विकृत भई सम्झौताको दिन ३३% र पहिलो चार महिनामा बाँकी कबोल अंक सबै रकम नै बुझाउनु पर्नेछ । उक्त अवधिमा कबोल अंकको बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा दैनिक ०.०५% हर्जना लाग्नेछ । यस्तो हर्जना रकम र बुझाउनु पर्ने रकम ठेक्का राख्दा राखिएको धरौटी र बैंक ग्यारेण्टीबाट कट्टा गरिने छ ।

४) धरौटी बापत ठेक्का कबोल अंकको ५% ले हुने रकम यस कार्यालयको ने.बै.लि. धुन्चेमा रहेको १-ग-२ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । साथै ठेक्का अंक बराबरको बैंक ग्यारेण्टी पनि राख्नु पर्ने छ

५) ठेक्का सम्झौता बमोजिमको रकम सम्झौताको दिन एकमुष्ट बुझाएमा १०% सम्म छुट दिईनेछ ।

६) ठेक्का सम्बन्धि नियमानुसार लाग्ने कर ठेकेदार स्वयमले व्यहोर्नु पर्नेछ ।

७) **करको दर यस भन्दा बढि लिन पाईने छैन । आफुले ठेक्का कबोल गरेको अंक अक्षरमा र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । ठेक्का कबोल गरेको अंक रु. केरमेट भएकोलाई मान्य हुने छैन ।**

स्थानीय विकास अधिकारी

| क.सं. | सवारी साधनको किसिम | पार्किङ्ग शुल्क १ घण्टा सम्मको | पार्किङ्ग शुल्क १ घण्टा भन्दा बढी प्रति घण्टा थप | पाकिङ्ग शुल्क रात भर २४ घण्टा वा दिनभर |
|---|---|---|---|---|
| १ | १) मोटर साईकल | रु.१० /- | रु.५ /- | रु.५० /- |
| २ | २) जिप / कार / सुमा | रु.३० /- | रु.१० /- | रु.१०० /- |
| ३ | ३)बस / टिपर / आईचर / काईक्रोबस | रु.५० /- | रु.१५ /- | रु.२०० /- |
| ४ | कुनै व्यक्तिले मासिक रुपमा पार्किङ्ग गर्न चाहेमा टिपर,आईचर, माईक्रोवस बसको प्रति साधन रु. ४५०० /- जिप, कर, सुमोको प्रति रु. २००० /- र मोटरसाईकल प्रति मोटरसाईल १००० /- भन्दा बढि लिन पाईने छैन । | | | |

८) बोलपत्र फाराम खाम बन्दी गरि यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

९) बोलपत्र फाराम रु. ५०० /-मा (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

१०) शर्त अनुसार पर्न आएका बोलपत्रहरु दिनको १.०० बजे यस कार्यालयमा कार्यालय प्रतिनिधिको रोवहरमा सूचना प्रकाशन भएको मितिले सोह्रौ दिन खोलिने छ । सम्बन्धित पक्ष नआए पनि खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन खोलिनेछ ।

११) पार्किङ्ग स्थलमा जथाभावी फोहोर गर्न पाईने छैन, तोकिएको स्थानमा मात्र फाल्नु पर्ने छ ।

१२) पार्किङ्ग स्थलमा रहेको सवारी साधनको सुरक्षा ठेक्का लिनेले नै गर्नु पर्ने छ ।

१३) पार्किङ्ग बाहेक कुनै संरचना बनाउने वा अन्य कुनै व्यवसाय गर्न पाईने छैन ।

१४) पार्किङ्ग व्यवस्थापनमा बाल मजदुर राख्न पाईने छैन ।

१५) पार्किङ्ग स्थलमा रहेको शौचालयको व्यवस्थापन ठेक्का लिने पक्षले नै गर्नु पर्ने छ । हानी नोक्सानी पु-याउन पाईने छैन ।

१६) यसमा नपरेका कुराहरु जिल्ला विकास समिति रसुवाको निर्णय अनुसार हुने छ ।

१७) अन्य केही कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र कार्यालयको टेलिफोन नं.०१०- ५४०१४३ मा फोन गरी जानकारी लिन सकिने छ वा मो.नं.९८५११३१८०४ मा पनि सम्पर्क गर्न सकिनेछ

स्थानीय विकास अधिकारी